फोन:- ०८८-५३००४०
०८८-५३००९०
फ्याक्स:- ०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

मुसिकोट रुकुम (पश्चिम)

मिति : २०७७/०२/३०

सूचना ! सूचना !! सूचना !!!

गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरवार काठमाडौ को प.स. शा.सु. ०७६/०७७-०६ च.नं. ४१५२ मिति २०७७/०२/२९ गतेको निर्णय कार्यान्वयन सम्वन्धी प्राप्त पत्रानुसार विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण सम्वन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ अनुसार यस जिल्लामा देहाय वमोजिम गर्ने गराउने निर्णय भएको व्यहोरा सम्वन्धित सबैमा स्थानिय प्रशासन हार्दिक अनुरोध गर्दछ ।

१. देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने ।
(क) शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र)
(ख) अनुमतिप्राप्त बाहेकका अन्तर्राष्ट्रिय तथा आन्तरिक उडानहरु
(ग) तोकिएबाहेकका अन्तर्राष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत
(घ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार
(ङ) सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन
(च) सिनेमा हल पार्टी प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल
(छ) सार्वजनिक पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना
(ज) स्पा, सैलुन तथा ब्युटी पार्लर
(झ) स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब
(ञ) सपिङ मल
(ट) समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुति
(ठ) सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल
(ड) यात्रुबाहक सार्वजनिक सवारी साधन (पर्यटक सवारी साधनसमेत)
(ढ) यस जिल्लाको हकमा जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजि सवारी साधन ।

२. दुई मिटरको सामाजिक दुरी कायम गर्ने मास्क प्रयोग गर्ने पटकपटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्नेलगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्ने:-
(क) स्वास्थ्यसँग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत)
(ख) सबै प्रकारका कृषि र पुशपन्छी व्यवसाय (उत्पादनदेखि विक्री वितरणसम्मका सबै श्रृङ्खला)
(ग) उद्योग, व्यापार, व्यवसाय, पसल, डिपार्टमिन्ट स्टोर

क्रमश....



जिल्ला अधिकारी

०८८-५३००९०
फ्याक्स:- ०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com

# नेपाल सरकार
## गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
## मुसिकोट रुकुम (पश्चिम)

मिति : २०७७/०२/३०

(घ) सबै प्रकारका ढुवानी

(ङ) पैदल आवागमन

(च) साइकल र मोटरसाइकल (चालक मात्र रहने गरी)

(छ) यस जिल्लाको हकमा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सवारी साधन (चालकबाहेक थप २ जनासम्म मात्र सवार हुने)

(ज) फोहोरमैला व्यवस्थापन

(झ) विद्युत, दमकल, एम्बुलेन्स, सञ्चालन तथा प्रसारण, हुलाकसम्बन्धी सेवा

(ञ) बैक तथा वित्तिय संस्था, सहकारी र बीमा सेवा

(ट) नर्सरी र वनजन्य उद्यम

(ठ) विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत)

(ड) निर्माण कार्य (निजिसमेत)

(ढ) नदी तथा खानीजन्य पदार्थ उत्खनन सङ्कलन, ढुवानी र बिक्रिवितरण

(ण) रेष्टुरेण्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा

(त) क्वारेन्टिनका लागि तोकिएका होटल र यातायातका साधन

(थ) सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैंक तथा वित्तिय संस्थाहरु (बिहान ८ बजेदेखि दिउँसो १ बजेसम्म र दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म दुई सिफ्टमा सञ्चालन गर्ने)

(द) सार्वजनिक तथा जोर बिजोर प्रणालीमा सञ्चालन हुने गरी निजी सेवाप्रदयक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जाना यात्रु मात्रै राख्ने सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

उपर्युक्त सेवा तथा कार्य सञ्चालन गर्दा सम्बन्धीत कार्यालयले जनस्वास्थ्य र सुरक्षा मापदण्डका आधारमा आ-आफ्नो कार्यक्षेत्रभित्र पर्ने विषयहरुको सम्बन्धमा आवश्यक प्रोटोकल जारी गरी लागू गर्नुपर्ने छ । यस आदेशको क्रम संख्या २ को खण्ड (ञ), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहने छ ।

उपेन्द्रराज पौड्याल
प्रमुख जिल्ला अधिकारी